# साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** खाद्य तथा पोषण सुरक्षाका लागि आवश्यक पर्ने प्रोटिन आपुर्तिको स्रोत माछा भएको र यसको माग दिनानुदिन बढेको सन्दर्भमा माछापालन क्षेत्रलाई कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको साझेदारीमा विस्तार तथा विकास गर्न बजेटको व्यवस्था भएको हुँदा प्रदेशलाई माछा उत्पादनमा आत्मनिर्भर बनाउँदै आयत प्रतिस्थापन गर्ने उद्देश्यले प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले साझेदारीमा माछापालन गर्न ईच्छुक र मापदण्ड पुरा गरेका कृषक समूह/ सहकारी/ नीजि क्षेत्र सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले बृहत्तर मत्स्य विस्तार तथा विकास सम्बन्धी स्वीकृत बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) **"विषय विज्ञ"** भन्नाले माछापालन सम्बन्धी विज्ञ/ विशेषज्ञ सम्झनु पर्छ ।

(झ) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालयसँग द्विपक्षिय सम्झौता गर्ने कृषक समूह/ सहकारी/ नीजि क्षेत्र सम्झनु पर्छ ।

३. **उद्देश्य:** बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेकोछः-

(क) माछापालन क्षेत्र बिस्तार गर्नको लागि पोखरी निर्माण गर्ने,

(ख) माछाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ग) खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने,

(घ) रोजगारी सृजना गर्ने,

(ङ) माछापालन तर्फ कृषकलाई आकर्षित गर्ने,

(च) कृषकको आयआर्जन वृद्धि गर्ने,

(छ) गरीवी न्यूनिकरण गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम चितवन, मकवानपुर, सिन्धुली र रामेछाप जिल्लाका कृषक समूह/ सहकारी/ नीजि क्षेत्रसँगको लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिनेछ ।

७. **प्रस्ताव आह्वानः** यो कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रबाट प्रस्ताव पेश गर्न निर्देशनालयले ३० दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ ।माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रले दफा ७ बमोजिमको समय अवधिभित्र अनुसूचि -२ बमोजिमको आवेदन-पत्र साथ अनुसूचि -३ बमोजिम कार्ययोजना, अनुसुची -४ बमोजिमको प्रतिवद्धता पत्र तयार गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

९. **आवेदकको छनौटः** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूचि -५ बमोजिमको मापदण्डका आधारमा कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको छनौट गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ,



मा. दावा दोर्जे लामा
मन्त्री

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ,

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **प्रस्तावकलाई जानकारी:** निर्देशनालयले छनौट भएका आवेदक वा प्रस्तावकहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

११. **सम्झौता:** (१) प्रस्ताव स्वीकृत भएका प्रस्तावकले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूचि -६ बमोजिम निर्देशनालयसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिनेछ ।

## परिच्छेद - ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको कार्ययोजनाको आधार र बृहत्तर मत्स्य विस्तार तथा विकासका लागि आवश्यक न्युनतम क्रियाकलापहरू समेटिने गरी सम्झौता गरिनेछ ।

१३. **अनुदान प्रवाह:** साझेदार संस्थालाई तपशिल बमोजिमको क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराइनेछ:-

| क्र. सं. | क्रियाकलाप | अनुदान रकम | साझेदार संस्थाको दायित्व |
|---|---|---|---|
| १ | मत्स्य उत्पादनको लागि पोखरी निर्माण र विस्तार (१ हेक्टर जलाशय क्षेत्रफल कम्तिमा १.५ मिटर पानीको गहिराई) | बढिमा ५ लाख प्रति हेक्टर | |
| २ | चिलिङ्ग भ्यान सूचिकृत आपूर्तिकर्ताबाट खरिद गर्ने | कुल लागत खर्चको बढिमा ५० प्रतिशत | घटिमा ५० प्रतिशत |
| ३ | कलेक्सन सेन्टर | कुल लागत खर्चको बढिमा ५० प्रतिशत | घटिमा ५० प्रतिशत |
| ४ | पोखरी भित्रको लागि मत्स्य यान्त्रिकरण सूचिकृत आपूर्तिकर्ताबाट खरिद गर्ने | कुल लागत खर्चको बढिमा ७५ प्रतिशत | घटिमा २५ प्रतिशत |
| ५ | सिंचाई व्यवस्था (Boring) | कुल लागत खर्चको बढिमा ८० प्रतिशत | घटिमा २० प्रतिशत |
| ६ | Biofloc प्रविधिमा माछापालन | कुल लागत खर्चको बढिमा ५० प्रतिशत | घटिमा ५० प्रतिशत |

**नोट:** Biofloc प्रविधिमा माछापालन गर्न ईच्छुक साझेदार संस्थाले प्राविधिकले तयार गरेको लागत ईष्टमेट र डिजाईन सहित प्रस्ताव पेश गर्नु पर्नेछ । प्रति प्रस्ताव बढिमा कुल लागतको ५० प्रतिशत अनुदान रकम उपलब्ध गरिनेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

१४. साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता बमोजिमको कार्य सम्पन्न गरी बिल/ भर्पाई, दाखिला रिपोर्ट, अनुसूचि -७ र अनुसूचि -८ का आधारमा मत्स्य प्राविधिकले स्थलगत अनुगमन तथा निरीक्षण गरी दिएको रिपोर्ट र रनिङ्ग विल तथा अन्य आवश्यक कागजात सहित भूक्तानीका लागि अनुरोध गरे पश्चात निर्देशनालय/ कार्यालयले स्थलगत निरिक्षण गरी मनासिब भएमा १५ दिनभित्र भूक्तानी दिनेछ ।

१५. निर्देशनालय/ कार्यालयले भूक्तानी दिने अनुदान रकमको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी साझेदार संस्थाको बैंक खातामा रकम उपलब्ध गराउने छ ।

१६. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१७. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५

## मापदण्ड

१८. **साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरु:** (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदारलाई प्राथमिकता दिईनेछ,

(ख) सो नभए लगानीकर्ता वा अन्य ब्यक्तिको नाममा भएको नीजि जग्गा कम्तीमा १ विगाहा १० वर्षको लागि भाडामा लिएको आधिकारिक करार पत्र हुनु पर्नेछ,

(ग) साझेदार संस्थाले माछापालन कार्यक्रमको विमा गरेको हुनु पर्नेछ वा कार्य सम्पादन गरेको ६ महिना भित्र विमा गर्ने प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६

## विविध

१९. **प्रगति प्रतिवेदनः** (१) अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

२०. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२१. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूचि -१

(दफा ७ संग सम्वन्धित)

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः ... ... ...**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडाद्वारा आ.व. ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदार संस्थासँगको लागत साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम रहेको हुँदा साझेदारी गर्न इच्छुक कृषक समूह/ सहकारी/ नीजि संस्थाहरुले यो सूचना प्रकाशित भएको ३०औं दिनसम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी अनुसूचि -२ बमोजिम दिईएको आवेदन-पत्र साथ तपसिल बमोजिमका कागजात र अनुसूचि -३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना, अनुसूचि -४ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र संलग्न गरी निर्देशनालयमा वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पूनश्चः कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालयको सूचना पाटीमा हेर्न सकिने छ ।

**तपसिलः**

१. रु. १०।- को टिकट टाँसेको अनुसूचि -२ अनुसारको आवेदन,
२. कृषक समूह/ सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले माछापालन गर्न गरेको निर्णय प्रतिलिपी,
३. कम्तीमा १ विगाहा जग्गाको जग्गाधनी प्रमाण पुर्जा वा भाडामा भए कम्तीमा १० वर्षसम्म भाडामा लिएको करार पत्र,
४. अनुसूचि-३ बमोजिमको संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव),
५. अनुसूचि-४ अनुसारको घटिमा ५ वर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र,
६. प्रस्तावक संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
७. साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट,
८. सम्बन्धित स्थानीय तह/ कार्यालयको सिफारिस ।
९. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र,
१०. कर चुक्ता गरेको कागजात,
११. पोखरी निर्माण गरिने ठाउँको फोटो ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -२

(दफा ८ संग सम्वन्धित)

आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत, श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... मा प्रकाशित सूचना अनुसार बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम रहेकोले निम्नानुसार कागजात राखी नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निवेदन गर्दछु ।मेरो आवेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बनधित जिल्ला भित्रै रही संलग्न प्रस्ताव तथा प्रतिवद्धता अनुरुपको कार्य गर्नेछु ।

तपसिलः

१. कृषक समूह/ सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले माछापालन गर्न गरेको निर्णय प्रतिलिपी,
२. कम्तीमा १ विगाहा जग्गाको जग्गाधनी प्रमाण पुर्जा वा भाडामा भए कम्तीमा १० वर्षसम्म भाडामा लिएको करार पत्र,
३. अनुसूचि-३ बमोजिमको संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव),
४. अनुसूचि-४ अनुसारको घटिमा ५ वर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र,
५. प्रस्तावक संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
६. साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट,
७. सम्बन्धित स्थानीय तह/ कार्यालयको सिफारिस ।
८. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र,
९. कर चुक्ता गरेको कागजात,
१०. पोखरी निर्माण गरिने ठाउँको फोटो ।

निवेदन पेश गर्नेको:

दस्तखत र मितिः
नाम, थरः
पदः
संस्थाको नाम र ठेगानाः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -३

(दफा ८ संग सम्वन्धित)

**संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव)**

| | |
|---|---|
| १. कृषक समूह/ कृषि सहकारी/ नीजि व्यवसायीको नामः | |
| २. ठेगाना | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. शैक्षिक योग्यता (संचालकको- कुनै एक): | |
| ७. लाभग्राहीः | |

| | |
|---|---|
| ८. मत्स्य ब्यवसाय सम्बन्धी तालिम लिएको भए: | |
| क.तालिमको वर्षः | ख.अवधि ........................देखि ............... सम्म |
| ग.प्रदान गर्ने संस्थाः | |

| ९. पोखरी निर्माणको विवरणः | | | | |
|---|---|---|---|---|
| पोखरी निर्माण हुने स्थान | संख्या | क्षेत्रफल (हे.) | अनुमानित लागत (रु.) | अनुदान माग (रु.) |
| | | | | |

| १०. अन्य प्रविधि/सामग्री/औजार माग | | | |
|---|---|---|---|
| विवरण | संख्या | लागत | सेवाग्रहिले व्यहोर्ने %) |
| क. चिलिङ्ग भ्यान | | | |
| ख. कलेक्सन सेन्टर | | | |
| ग. मत्स्य यान्त्रिकरण | | | |
| घ. सिंचाई व्यवस्था (बोरिङ्ग) | | | |
| ङ. बायोफ्लोक प्रविधिमा माछापालन | | | |

| ११. संलग्न हुने जनशक्तिको विवरण (प्रस्तावित) | | | | |
|---|---|---|---|---|
| विवरण | संख्या | योग्यता | खर्च हुने रकम | वार्षिक (रु.) |
| सुरक्षा | | | | |
| फार्म व्यवस्थापन | | | | |
| प्राविधिक | | | | |

| |
|---|
| १२. मत्स्यपालन सघनताको प्रकारः |

मा. दावा दोर्जे लामा
मन्त्री

| १३. उत्पादन अनुमान | | | | |
|---|---|---|---|---|
| विवरण | इकाई | परिमाण | बिक्री दर (रु) | अनुमानित आय (रु.) |
| खानेमाछा | | | | |
| भुरा माछा | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

| १४. नयाँ सोच केहि भए उल्लेख गर्नुहोस् : |
|---|
| |

<u>नोटः</u> उल्लेखित बुदाँलाई समेट्ने गरी प्रस्ताव नयाँ ढाँचामा थप/घट गरी पेश गर्न सकिनेछ।

<u>प्रस्तावकको:</u>

दस्तखत र मितिः

नाम, थरः

पदः

संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -४
(दफा ८ संग सम्वन्धित)
**प्रतिवद्धता-पत्र**

निर्देशनालयको मिति २०७.../..../.... को सूचना अनुसार प्रस्ताव आह्वान गरिएको साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रममा सहभागी हुन चाहना भएकोले कार्ययोजना सहितको आवेदन गरिएको छ । उक्त कार्यक्रमका लागि छनौट भई कार्य योजना स्वीकृत भएमा घटिमा ५ वर्षसम्म कार्यक्रमलाई निरन्तरता दिईनेछ र माछापालन फार्मको विमा समेत गर्ने प्रतिवद्धता ब्यक्त गरिएको छ । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट अनुदान सहयोग प्राप्त नगरेको र संचालित कृयाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत ब्यक्त गर्दछु/छौं । प्रतिवद्धता अनुरुपको कार्य नगरेमा प्रचलित ऐन कानून बमोजिम सहुँला/ बुझाउँला ।

**प्रतिवद्धता ब्यक्त गर्नेको:**

दस्तखत र मितिः
नाम थरः
पदः
संस्थाको नाम र ठेगानाः
संस्थाको छापः
औंठा छापः

| दायाँ | वायाँ |
|---|---|
| | |

ईति सम्बत् ... ... ... ... साल ... ... ... ... महिना ... ... गते रोज ... शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -५
### (दफा ९ को खण्ड (क) संग सम्वन्धित)
### मूल्याङ्कन मापदण्डका आधारहरु:

| सि.नं. | आधारहरु | सूचकहरु | अङ्क |
|---|---|---|---|
| १ | फार्मको साईज | १० विगाहा वा सो भन्दा माथि क्षेत्रफलमा निर्माण भएमा | १५ |
| | | एकै स्थानमा ५ विघा वा सो भन्दा बढि क्षेत्रफलमा निर्माण भएमा | १२ |
| | | ५ बिघा भन्दा कम क्षेत्रफल | ७ |
| २ | जग्गाको स्वामित्व/सदुपयोग | फार्मको जग्गा भएमा | २० |
| | | लगानिकर्ताको जग्गा भएमा | १८ |
| | | लिजमा लिएमा (कम्तिमा १० वर्ष) | १६ |
| ३ | प्रस्तावमा उल्लेखित मत्स्यपालनको सघनता (**Intensity**) | अतिसघन (Super Intensive) | ५ |
| | | सघन (Intensive) | ३ |
| | | अर्धसघन (Semi- Intensive) | १ |
| ४ | अधिकतम उत्पादकत्व अभिवृद्धि गर्ने नौलो सोंच सहितको परियोजना प्रस्ताव | अति उत्तम | १० |
| | | उत्तम | ७ |
| | | सामान्य | ३ |
| ५ | मत्स्य विकास सम्बन्धी तालिम प्राप्त (प्रस्तावित जनशक्ति समेत) | एक हप्ते वा सोभन्दा बढी वा JT/JTA | ५ |
| | | ३ दिने मत्स्यपालन तालिम | ३ |
| | | १ दिने मत्स्यपालन तालिम | १ |
| ६ | कृषक समूह/ सहकारी/ नीजि फार्ममा कार्यरत सदस्यहरूको शैक्षिक योग्यता (प्रस्तावित जनशक्ति समेत, निर्दिष्ट करार सम्झौता सहित) | स्नातक वा सोभन्दा माथि (कुनै एक) | १० |
| | | प्रमाण-पत्र तह(कुनै एक) | ७ |
| ७ | लाभग्राही | महिला | ५ |
| | | आदिवासी/जनजाती/दलित | ४ |
| | | अन्य | ३ |
| ८ | **भौतिक पूर्वाधार** | | २० |
| ८.१ | विद्युतको सुविधा भएमा | | ५ |
| ८.२ | सडकको सुविधा भएमा | | ५ |
| ८.३ | बजारको सुविधा भएमा | | ५ |
| ८.४ | यातायातको सुविधा भएमा | | ५ |
| ९ | वातावारणीय उपयुक्तता | भएमा | ५ |
| | | नभएमा | ० |



दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| १० | रोजगारीको अवसर | कम्तीमा ३ जना पूर्ण रोजगार | ५ |
| | | कम्तीमा २ जना पूर्ण रोजगार | ३ |
| | | कम्तीमा १ जना पूर्ण रोजगार | २ |
| | | कूल जम्मा:- | १०० |

<u>नोट:</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ । यसरी उपलब्ध गराउँदा एक समूह/ कम्पनी/ सहकारीलाई ५० विगाहा भन्दा बढिमा उपलब्ध गराईने छैन तर थप बजेट वा बजेट पर्याप्त भएमा क्रमशः थप जग्गामा अनुदान उपलब्ध गराउन सकिनेछ ।

१. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

२. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

३. हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

(क)

(ख)

(ग)

(घ)

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -६
(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

### सम्झौता-पत्र

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा (यसपछि पहिलो पक्ष भनिने) र साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रममा लागत साझेदारी गर्न छनौट भएको कृषक समूह/ सहकारी/ नीजि क्षेत्र, ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बिच देहाय बमोजिमको शर्तनामाहरु पालना गर्ने गरी द्विपक्षिय सझौता गरिएको छ ।

शर्तनामाः

१. दोस्रो पक्षले पहिलो पक्षबाट प्राविधिक सल्लाह एवं सुझाव प्राप्त गरी सम्झौता गरिएको मितिले ... महिनाभित्र प्रस्ताव अनुसारको काम सम्पन्न गर्नु पर्नेछ ।
२. मत्स्य प्राविधिकबाट दोस्रो पक्षले सम्पन्न गरेको कामको मूल्याङ्कन गराई कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछी प्रथम पक्षले स्थलगत अनुगमन गरी मुनासिब लागेमा भुक्तानी गर्नेछ।
३. दोश्रो पक्षले निर्माण गरिने पोखरीहरुको ले-आउट, डिजाइन र लागत ईस्टिमेटमा तोकिएको प्राविधिक मापदण्ड अनुसार निर्माण गर्नु पर्नेछ ।
४. दोस्रो पक्षले कम्तीमा ५ वर्षसम्म प्रस्ताव बमोजिमको व्यावसाय निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ ।
५. दोश्रो पक्षले अनिवार्यरुपमा मत्स्य विमा गर्न प्रतिवद्धता पुरा गर्नु पर्नेछ ।
६. पहिलो पक्षले प्रस्ताव बमोजिम ब्यवसाय सञ्चालन गरे/ नगरेको अनुगमन गर्नेछ ।
७. दोस्रो पक्षले पाउने अनुदान रकम प्रथम पक्षले बैंक खाता मार्फत उपलब्ध गराउनेछ ।
८. यस कार्यक्रम अन्तरगत निर्माण भएका नयाँ माछा पोखरीको लागि आवश्यक पर्ने विभिन्न जात एवं साइजका माछा भूरा सम्बन्धित मत्स्य विकास केन्द्रसँग आवश्यक सहयोग एवं समन्वय गरी व्यवस्था गर्नु पर्नेछ ।
९. यस सम्झौतामा उल्लिखित कार्य गर्दा हुन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितव्यको पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम हुनेछ ।
१०. अनुदानबाट निर्मित पोखरीहरुको विवरण झल्कने होर्डिङ्ग वोर्ड दोश्रो पक्षले राख्नु पर्नेछ ।
११. सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा आपसी सहमती र प्रचलित कानून बमोजिम हुनेछ ।

पहिलो पक्षको तर्फबाटः

दस्तखतः

नाम थरः

दोस्रो पक्षको तर्फबाटः

दस्तखतः

नाम थरः

मा. दावा दोर्जे लामा
मन्त्री

पदः

निर्देशनालयको नामः

छापः

पदः

कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको नामः

संस्थाको छापः

<u>रोहबर</u>

दस्तखतः

नाम थरः

पदः

निर्देशनालयको नामः

छापः

<u>रोहबर</u>

दस्तखतः

नाम थरः

पदः

कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको नामः

संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -७

(दफा १४ संग सम्वन्धित)

**निर्माण गरिएको संरचना (उत्पादन पोखरी) को विस्तृत नाप जांच विवरण**

१. कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको नामः-

२. स्थायी ठेगानाः-

३. आ.व.:-

४. परियोजनाको नामः-

५. परियोजना स्थलः-

६. परियोजना स्थलको जि.पि.एस. कोड नं.:-

७. कार्य सम्झौता मितिः-

८. परियोजना स्थलको चार किल्लाः-

९. कार्य सम्पन्न मितिः-

(क) पोखरीः

| सि. नं. | कार्य विवरण | संख्या | लम्बाई (मी.) | चौडाई (मी.) | गहिराई/ उचाई (मी.) | जग्गा (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(ख) चिलिङ्ग भ्यान, कलेक्सन सेन्टर, मत्स्य यान्त्रिकरण (पोखरीमा) स्वीकृत प्रस्ताव (सम्झौता) अनुसार भए/ नभएको जाँच गर्ने ।

**पेश गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

**जांच गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः- मत्स्य विकास केन्द्र

दस्तखतः-

मितिः-

**स्वीकृत गर्ने अधिकारीको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूचि -८
### (दफा १४ संग सम्वन्धित)
### निर्माण गरिएको संरचना (उत्पादन पोखरी) को कार्य सम्पन्न प्रतिवेदन

१. कृषक समूह/ सहकारी/ नीजि क्षेत्रको नामः-

२. स्थायी ठेगानाः-

३. आ.ब..ः-

४. परियोजनाको नामः-

५. परियोजना स्थलः-

६. परियोजना स्थलको जि.पि.एस. कोड नं. ः-

७. कार्य सम्झौता मितिः-

८. कार्यसम्पन्न मितिः-

९. लागत-इष्टिमेट रकमः-

१०. कार्य-सम्झौता बील रकमः-

११. घटी/बढीः-

(क) कार्य सम्पन्न विवरणः

| सि. नं. | कार्य विवरण | ईकाई | इष्टिमेट अनुसारको | | | सम्पादित कार्यको | | | फरक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा रकम | परिमाण | दर | जम्मा रकम | परिमाण | रकम | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

(ख) चिलिङ्ग भ्यान- स्वीकृत प्रस्ताव अनुसार भए/ नभएको विवरण

(ग) कलेक्सन सेन्टर- स्वीकृत प्रस्ताव अनुसार भए/ नभएको विवरण

(घ) मत्स्य यान्त्रिकरण- स्वीकृत प्रस्ताव अनुसार भए/ नभएको विवरण

**१२. स्थलगत अनुगमन टोलीको रायः**

| क्र.सं. | पद | नामथर | राय | | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | काम सम्पन्न भएको | काम सम्पन्न नभएको | | |
| १ | | | | | | |
| २ | | | | | | |



मा. ... मन्त्री